# विदेशीका लागी नेपाली भाषा शिक्षणमा शिक्षकको दायित्व

*कृष्णप्रसाद आचार्य*

## परिचय

विदेशीलाई नेपाली भाषाशिक्षण गराउने कार्य सामान्य होइन । नेपाली विद्यार्थीलाई नेपाली भाषा सिकाउनु र विदेशीलाई नेपाली भाषा सिकाउँदा धेरै भिन्नता देखापर्दछ । नेपाली भाषा शिक्षण गराउने शिक्षकले भाषा शिक्षण कार्य जटिल र गम्भीर हो भन्ने महसुस गर्नु पर्दछ । नेपाली भाषा नै नबुझ्नेलाई जे भने पनि हुन्छ र जसरी पनि सिकाइन्छ भन्ने हलुङ्गो सोचले नेपाली शिक्षक विदेशीका कक्षामा उपस्थित हुनु राम्रो होइन । स्वयं मैले विदेशीहरूलाई पढाउँदाको लामो अनुभव बटुलेर यो लेख तयार पार्न लागेको छु । प्रस्तुत लेखले विदेशीका कक्षामा कसरी प्रस्तुत हुनुपर्ला र शिक्षकले के के कुरामा ध्यान पुऱ्याउनुपर्ला भन्नेतर्फ सङ्केत गर्ने कुरामा म विश्वस्त छु । यही विश्वासलाई साकार तुल्याउन नेपाली भाषा पढाउने भाषा शिक्षकले निम्नलिखित कुरामा सजगता र सतर्कता अपनाउँदा पेशाप्रतिको वफादारी र उत्तरदायित्व बोधको पूर्ण पालना हुन जाने ठानिएको छ । यसका साथै यी भूमिकालाई पूर्ण भूमिकालाई पूर्ण रूपले निर्वाह गर्न सके भाषा शिक्षक सफल र कुशल ठहरिने कुरामा दुई मत देखिदैन ।

## शिक्षार्थीबारे विशेष जानकारी

### (क) भाषिक ज्ञानको पहिचान

कुनै पनि भाषा शिक्षकले शिक्षार्थीको भाषिक ज्ञान बारे पूर्ण जानकारी लिनुपर्दछ । नेपाली भाषाका सम्बन्धमा सामान्य वा विशेष कस्तो ज्ञान हासिल गरेको छ भन्ने ज्यादै चलाखीपूर्वक पत्ता लगाउनुपर्छ । सम्बन्धित (आफूले सिकाउँने) भाषाको ज्ञान बारे शिक्षार्थीको क्षमताप्रति शिक्षक अनभिज्ञ रहँदा उनीहरूको तह अनुरूप भाषा सिकाइ नहुन सक्दछ । शिक्षार्थीको तहअनुसार शिक्षण कार्य नभएमा उनीहरूमा निराशा र हतोत्साह उत्पन्न हुनुको साथै कक्षा पनि अनाकर्षक हुन पुग्दछ । यसकारण शिक्षार्थीको भाषिक ज्ञानबारे पूर्ण, जानकारी राख्दै त्यहीअनुरूप शिक्षकले शिक्षण कार्यलाई अगाडि बढाउनुपर्दछ ।

### (ख) भाषा सिकाइको उद्देश्य

विदेशी विद्यार्थीको नेपाली भाषासम्बधी ज्ञानको बारेमा पूर्ण जानकारी लिन आवश्यक भए झैं उनीहरूको भाषा सिकाइको उद्देश्यबारे पनि भाषा शिक्षकलाई थाहा हुनु आवश्यक छ । शिक्षार्थीको उद्देश्यबारे शिक्षक अनभिज्ञ रहेमा भाषा सिकाइमा पटक्कै तालमेल मिल्दैन । उनीहरू जुन उद्देश्यले नेपाली भाषा सिक्न चाहान्छन् त्यहींअनुरूप विषयवस्तुको चयन गरी ज्ञान गराउनु राम्रो हो । तोकिएका पाठ्यपुस्तकलाई पनि उनीहरूको उद्देश्यअनुसार शिक्षण गराउनाले उनीहरू रुचि र चाखका साथ भाषा सिक्न अग्रसर भइरहन्छन् । एउटै कक्षामा विभिन्न उद्देश्य लिइ नेपाली पढ्न आउने शिक्षार्थी भएमा यो पक्ष अलि समस्याका रूपमा देखिन्छ । निश्चित पाठ्यक्रम र पाठ्यपुस्तक तोकिएका कक्षाहरूमा विविध उद्देश्यलाई पढ्न आउने शिक्षार्थी देखिए भने कम्तीमा हरेकका उद्देश्यका बारेमा एक अर्कालाई परिचित गराउने उद्देश्यसहित शिक्षण कार्यलाई प्रभावकारी बनाउन सकिन्छ । शिक्षार्थीको उद्देश्य बारे आफूलाई पूर्ण जानकारी भएपछि सोही अनुरूप प्रत्येक विद्यार्थीलाई उचित सहयोग र सुझाव दिनुपर्छ । शिक्षकको सुझावले शिक्षार्थीको उद्देश्य प्राप्तिमा निकै सहयोग पुऱ्याउने देखिन्छ ।

(ग) **भाषा सिकाइको आवश्यकता**

नेपाली भाषा सिकाइको उद्देश्यबारे पूर्ण जानकारी राखे जस्तै विदेशी विद्यार्थीले भाषा सिक्नु पर्ने आवश्यकताका सम्बन्धमा पनि शिक्षकले ख्याल राख्नुपर्छ । विदेशी विद्यार्थीहरू विना उद्देश्य अनावश्यक किसिमले नेपाली भाषा सिक्न आउँदैनन् । शिक्षार्थीको यो आवश्यकता क्षेत्र विशेषसँग सम्बन्धित रहन्छ । उनीहरूको क्षेत्र के हो त्यसको जानकारी लिई सम्बन्धित क्षेत्रमा आवश्यक पर्ने र अत्यधिक प्रचलनमा आउने विषयवस्तुको शब्द ज्ञान गराउँदा शिक्षार्थी रुचिकासाथ भाषा सिक्न अग्रसर हुने गर्दछन् । उनीहरूको क्षेत्र र आवश्यकता यस्ता हुन सक्छन् । जस्तै– (१) पेशागत, (२) नेपालसम्बन्धी खोज तथा अनुसन्धान, (३) नेपाली संस्कृति र जन जाति, (४) नेपाली भाषा साहित्यको ज्ञान, (५) व्यापारिक र राजनैतिक र (६) नेपालीसँग मित्रता बढाउने ।

यी माथिका क्षेत्रबाहेक अन्य जुनसुकै क्षेत्रसँग सम्बन्धित रहनुपर्ने आवश्यकता भएकोले नै विदेशीहरू नेपाली भाषा सिक्न आउने गर्दछन् । व्यापार गर्ने उद्देश्य लिई व्यापारिक क्षेत्रमा संलग्न शिक्षार्थीहरूलाई व्यापारकै क्षेत्रमा प्रयोग हुने अर्थात् आवश्यक पर्ने नेपाली भाषा सिकाउनु पर्दछ । शिक्षार्थीको कार्य क्षेत्र आवश्यकतालाई ध्यान पुऱ्याउन सक्दा उनीहरूको उद्देश्यअनुरूप नै भाषा सिकाइको कक्षा अगाडि बढ्न सक्दछ । यसरी विद्यार्थीको कार्यक्षेत्र बारे जानकारी लिइ त्यही अनुरूप भाषा शिक्षण गराउँदा उनीहरूको भाषिक ज्ञानले कार्यक्षेत्रमा विशिष्टता प्राप्त गर्नमा सहयोग पुऱ्याउँछ ।

**शिक्षार्थीबारे सामान्य जानकारी**

(क) **उमेर**

विद्यार्थीको उमेरले पनि भाषा शिक्षणमा प्रभाव पार्दछ । शिक्षार्थीको उमेरअनुसार भाषिक ज्ञानको क्षमतामा भिन्नता आउने गर्दछ । उमेरअनुसार उनीहरूका आवश्यकता पनि फरक पर्न सक्ने भएकोले आवश्यकताको पहिचान गर्दै उमेरअनुसार भाषा कक्षालाई अगाडि बढाउनु राम्रो हो ।

(ख) **लिङ्ग**

लिङ्गको आधारमा भाषा कक्षाका क्रियाकलाप फरक पर्दैनन् तापनि कतिपय प्रसङ्गमा शिक्षार्थी केटा हुन् वा केटी हुन् भन्ने कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ । नेपाली भाषा सिकाउँदा केटाकेटी दुवैलाई एकै ठाउँमा राखेर कतिपय शब्द भन्न सकिँदैन भने कतिपय शब्दहरू केटा र केटी बेग्ला बेग्लै भएको समयमा साङ्केतिक रूपमा भन्न र सिकाउन सकिन्छ । व्यवहारिकता र सामाजिक मान्यतालाई ध्यानमा राख्दा शिक्षकले शिक्षार्थीको यो पक्षमा पूर्व जानकारी लिनु राम्रो हो ।

(ग) **शैक्षिक पृष्ठभूमि**

शिक्षार्थीको सम्बन्धमा उमेर लिङ्गको बारेमा ज्ञान राख्नु राम्रो भए जस्तै उनीहरूको शैक्षिक पृष्टभूमिका बारेमा थाहा पाउनु आवश्यक छ । उनीहरूको शैक्षिक पृष्टभूमिका आधारमा पाठ्यांश र पाठ्यपुस्तकका सामग्रीको छनोट र उपयोग गर्न सकिन्छ । यसरी लिइएका कक्षाहरू शिक्षार्थीका निम्ति फलदायी र शिक्षकका निम्ति अनुकूल हुने गर्दछन् ।

(घ) **ज्ञान र चाख**

शिक्षार्थीको बारेमा भाषा शिक्षकले विभिन्न जानकारी लिए जस्तै उनीहरूको ज्ञान र चाखका बारेमा थाहा पाउनुपर्छ । शिक्षार्थीको ज्ञान र चाखका आधारमा सञ्चालित कक्षा

उनीहरूको अनुकूल हुने गर्दछन् । भाषा कक्षा जति सक्दो विद्यार्थी अनुकूल बन्दछन् त्यति शिक्षकको क्षमता र सामर्थ्यको प्रशंसा हुने गर्दछ ।

**भाषा शिक्षकको ध्यान**

**(क) समयावधिमा ख्याल**

नेपाली भाषा सिक्न आउने विदेशी विद्यार्थीहरूको समयावधिलाई भाषा शिक्षकले गम्भीरपूर्वक लिनुपर्दछ । विदेशीहरू कति महिना र कति वर्षको समयका लागि पढ्न आएका हुन् त्यसको पूर्ण ज्ञान शिक्षकमा हुनु आवश्यक छ । उनीहरूको समयावधिलाई ख्याल गरेर निश्चित लक्ष्यका साथ भाषा शिक्षण कार्य प्रारम्भ गर्नु पर्दछ । समयावधिमा ध्यान पुऱ्याउन नसक्दा उनीहरूको उद्देश्य र लक्ष्य अपूर्ण हुने गर्दछ । समयावधिलाई हेरेर शिक्षकले उनीहरूको तत्कालीन र दीर्घकालीन उद्देश्य बारे थाहा पाउन सक्छ । समयावधिमा ख्याल गर्नाले उनीहरूको उद्देश्य परिपूर्ति हुने गरी भाषा शिक्षण कार्यलाई अगाडि बढाउन सकिन्छ ।

**(ख) कक्षा समयमा उचित ध्यान**

विदेशी कक्षाका शिक्षकहरूले समय तालिका अनुसार निर्धारित गरिएको कक्षा समयलाई उपयुक्त किसिमले प्रयोग गर्नुपर्छ । कक्षाका निम्ति तोकिएको ठीक समयमा पुग्ने र ठीक समयमा कक्षा छोड्ने गर्नुपर्छ । आफ्नो समयभन्दा केही समय ढिलो जानु जति नराम्रो मानिन्छ त्यतिनै ठीक समयमा पुगेर पनि केही समय अगाडि नै छाड्नु नराम्रो हो । कक्षा समयको बारेमा उचित ध्यान नपुऱ्याउनाले शिक्षकहरूकै आलोचना हुनेगर्दछ । शिक्षकले कक्षा समयलाई सचेतपूर्वक ध्यान नदिंदा शिक्षार्थीले ऊप्रति सधै नकारात्मक धारणा राख्दछन् । विदेशीका कक्षा सुरु भएको क्षणमा नै शिक्षकले यस कुराप्रति गम्भीरता देखाएनन् भने शिक्षकको व्यक्तित्व माथि नै दीर्घकालीन रूपमा नराम्रो असर पर्दछ । दुई वा दुईभन्दा बढी शिक्षकले कक्षा समयप्रति लापरवाही देखाए भने त नेपाली शिक्षकको प्रवृत्ति नै हो रहेछ भन्ने निष्कर्षमा उनीहरू पुग्दछन् । हेर्दा समस्या सामान्य जस्तो देखिए पनि दीर्घकालीन रूपमा नराम्रो प्रभाव पर्न सक्ने भएकोले यसप्रति हरेक शिक्षक गम्भीर हुनुपर्छ ।

**(ग) अनुपस्थितबारे सूचना**

निश्चित समयावधि तोकिएर नेपाली पढ्न आउने विदेशीहरूका निम्ति हरेक दिनको समय महत्वपूर्ण हुन्छ । भर्खर-भर्खर आउने विदेशीहरूले नेपाली बोलचाल गर्न पनि सक्दैनन् र नेपाली साथी बनाइसकेका पनि हुँदैनन् । उनीहरू तोकिएको समयमा आउने र कक्षा कोठामा बसिरहने गर्दछन् । उनीहरू एकातिर नयाँ कुरा सिक्ने चाहना राख्दछन् भने अर्कातिर नयाँ साथीको खोजी पनि गर्दछन् । शिक्षकको अनुपस्थितिले कक्षा सञ्चालनमा बाधा हुन पुग्दा उनीहरूलाई ज्यादै नरमाइलो अनुभव हुन्छ । एकातिर कक्षा हुँदैन अर्कातिर शिक्षकको प्रतिक्षाको साथ कक्षामै बसिरहनु पर्छ । कक्षा छोडेर बाहिर जाँदा त्यही समयमा गुरु आउनुहुन्छ कि भन्ने डर उनीहरूलाई भइरहन्छ । यसरी डर र भयका साथ प्रतिक्षाको समय बिताउनु पर्ने स्थिति विदेशीका निम्ति ज्यादै दुःखलाग्दो कुरा हो । त्यसकारण कक्षा नहुँदा र पूर्व सूचना नपाउँदा विदेशी विद्यार्थीमा पर्न जाने पिरमर्कालाई ध्यान दिँदै शिक्षकले आफ्नो अनुपस्थितिको बारेमा विद्यार्थीलाई पूर्व सूचना दिनुपर्छ । यस कार्यले एकातिर शिक्षार्थीको समयको सदुपयोग हुन्छ भने अर्कातिर विद्यार्थीप्रति शिक्षक कति गम्भीर र संवेदनशील छन् भन्ने कुरा प्रष्ट हुन्छ । कुनै पनि शिक्षकले आफ्ना कक्षा सञ्चालन हुन नसक्ने खबर एक दिन पहिले नै विद्यार्थीलाई सूचना गर्नु शिक्षक र विद्यार्थी दुवैको हितमा देखिन्छ ।

**(घ) विद्यार्थीको नियमिततामा ध्यान**

भाषा शिक्षण गराउने शिक्षकले विदेशी विद्यार्थीहरूको कक्षा उपस्थितिमा पनि ध्यान पुऱ्याउनु पर्छ । कुनै विद्यार्थी अनियमित हुन थाले पछि तुरुन्तै सम्बन्धित निकायमा जानकारी गराउनु पर्छ । यसको साथै स्वयंले आफूले पनि ऊ अनिमियतता हुनाका कारणको खोजी गरी नियमित गराउनेतर्फ प्रयास गर्नु राम्रो हो । सम्बन्धित निकाय र कक्षा शिक्षकले उसको नियमितताका निम्ति गरेको प्रयास असफल भएमा तुरुन्तै शिक्षार्थीको राजदूतावासमा खबर पुऱ्याउनुपर्छ । राजदूतावासले आफ्नो विद्यार्थीका बारेमा खोजतलास गर्दछ । नेपालमा नेपाली भाषा सिक्ने शिक्षार्थीको रूपमा भर्ना भई अन्य विविध अवैध धन्दामा लाग्न सक्ने संभावना पनि भएकोले यस बारे नेपालीहरू र विशेष भाषा शिक्षक सजग रहनुपर्छ । भाषा शिक्षकको यस सजगताले एकातिर गलत बाटोमा लाग्ने विद्यार्थी सही बाटोमा आइपुग्छ भने अर्कातिर अवैध धन्दामा लाग्ने विदेशीहरूको नियत पत्ता लग्छ ।

माथिको संभावना जस्तै शिक्षक हेरी अनुपस्थित र उपस्थित हुने शिक्षार्थीको क्रियाकलाप देखिएमा भाषा शिक्षकको दोष ठानिन्छ । शिक्षक छनोट गरी कक्षा लिने र नलिने घटनाले सबै कक्षाहरू प्रभावकारी भएका छैनन् भन्ने स्पष्ट देखिन्छ । विदेशी शिक्षार्थीमा यो प्रवृत्ति देखियो भने कक्षा शिक्षकले आफ्ना कमी कमजोरीमा सुधार गर्नुपर्छ । विद्यार्थी कक्षामा अनियमित रूपले उपस्थित रहँदा उपरोक्त कुराको जानकारी हुने भएकोले यो पक्ष पनि निकै महत्त्वपूर्ण देखिन्छ ।

**भाषा शिक्षकका कार्य**

**(क) कक्षा नियन्त्रणमा राख्नु**

भाषा शिक्षकले शिक्षार्थीको कक्षालाई आफ्नो नियन्त्रणमा राख्नुपर्छ । जुन शिक्षकले कक्षाको वातावरणलाई आफ्नो पूर्ण नियन्त्रणमा लिन सक्दैन उसले उचित र व्यवस्थित रूपमा भाषा सिकाउन सक्दैन । कक्षालाई नियन्त्रणमा लिनु भनेको सम्पूर्ण शिक्षार्थीको ध्यान पढाइमा एकत्रित गराउन सक्नु हो । कक्षा समय बिताउने र गफगाफ गरी कक्षाबाट बाहिरीने मनसायले विदेशीका कक्षामा प्रवेश गर्नु ज्यादै दुःख लाग्दो र लाजमर्दो कुरा हो । फेरि कक्षालाई नियन्त्रण गर्ने भन्दैमा विद्यार्थीमा भय र त्रास उत्पन्न हुने स्थिति पैदा गर्नु पनि झन् नराम्रो कुरा हो । भाषा शिक्षक कुनै पनि कक्षामा र जुनसुकै दिनमा पनि ज्यादै नम्र, शिष्ट, उदार र मित्रवत रूपमा उपस्थित हुनुपर्छ । विद्यार्थीको ध्यान भङ्ग हुनाको कारण खोजी समस्याको समाधानमा लाग्नु स्वयं शिक्षकको कर्तव्य हो । कक्षामा झर्कने, रिसाउने, चर्को आवाज निकाल्ने र अनुहार विगार्ने जस्ता कार्यले विद्यार्थिको भाषा सिकाइमा प्रतिकूल असर पार्दछ । यी सबै कुरालाई ध्यानमा पुऱ्याएर कक्षा नियन्त्रण गर्नु शिक्षकको पहिलो काम हो ।

**(ख) पाठयोजनाको तयारी**

कुनै पनि शिक्षक पाठयोजनाविना विदेशीको कक्षा कोठामा प्रवेश गर्नु राम्रो होइन । उनीहरूका कक्षामा सदैव पाठयोजना सहित उपस्थित हुनु आवश्यक छ । पाठयोजना भएन भने एकातिर आफै बरालिइन्छ भने अर्कातिर शिक्षार्थीको ध्यान छिरलिन्छ । तोकिएको पाठ्यपुस्तक र पाठ्यांशबाट समयलाई ध्यान राखेर बनाइएको पाठ-योजनाले स्वयं शिक्षकलाई अनियन्त्रित हुनबाट रोक्छ र शिक्षार्थीको ध्यानलाई आकृष्ट गराइरहन्छ । यसलै विदेशीलाई नेपाली शिक्षण गराउने शिक्षकका निम्ति पाठ योजना अनिवार्य र आवश्यक छ । यही आवश्यकतालाई ध्यान राखेर शिक्षकले पाठ योजनाको पूर्व तयारी गर्नुपर्दछ ।

### (ग) शिक्षण विधिमा विविधता

भाषा शिक्षण कार्यमा शिक्षक र विद्यार्थी दुवैमा भाषिक क्षमता तीव्र हुनुपर्छ । सिक्ने र सिकाउने दुवैमा भाषिक ज्ञानको क्षमता सशक्त भएमा भाषिक कक्षा रमाइलो र प्रभावकारी बन्न पुग्दछ । भाषा शिक्षणका विभिन्न विधिहरू छन् । नेपालमा प्रचलित विधि विश्लेषण र व्याख्यान विधि हो । विदेशीका निमति यी विधि मात्रै पर्याप्त र आकर्षक हुँदैनन् । शिक्षण विधिमा विविधता अपनाउनाले विद्यार्थीको रुचिमा वृद्धि भई भाषा सिकाइमा एकाग्रता र उत्सुकता प्रदान गर्दछ । शिक्षकले प्रयोग गरिहेका विधिहरू मध्ये जुन चाहि ज्यादा आकर्षक र रुचिपूर्ण हुन्छ त्यही विधिलाई शिक्षकले अनुसरण गर्नु राम्रो हो । तर एउटै विधिले मात्रै भाषा सिकाइ अपूर्ण हुनेहुँदा प्रचलित सबै विधिहरूको प्रयोग गर्नु आवश्यक छ । कक्षाको सुरुमा आकर्षक मानिएको विधि (शिक्षण कार्य) पछि अनाकर्षक हुन पछि सक्छ । एउटै विधिले पठन पाठन गराइरहँदा शिक्षार्थी र शिक्षक दुवैमा हिनता बोध पनि हुन सक्छ । यस दृष्टिले हेर्दा भाषा शिक्षणका कक्षामा प्रयोगात्मक रूपमा विभिन्न विधिहरूको प्रयोग गर्नु राम्रो देखिन्छ ।

### (घ) भौतिक सामग्रीको व्यवस्था

विदेशीलाई पढाउने कक्षामा शिक्षण सामग्रीको उचित व्यवस्था छ वा छैन शिक्षकले नै ध्यान पुऱ्याउनुपर्छ । नेपालको र त्रिभुवन विश्वविद्यालयको आर्थिक क्षमताअनुसार हुन सक्ने व्यवस्थामा पनि शैक्षणिक सामग्रीको अभाव हुनु ज्यादै दुःख लाग्दो कुरा हो । भाषा सिक्दा र सिकाउँदा आवश्यक पर्ने कम्तीमा आधारभूत सामग्रीको उचित व्यवस्थापन हुनैपर्छ । स्रोत र साधनले भ्याएसम्म भाषा सिकाइमा प्रयोग हुने आधुनिक र वैज्ञानिक उपकरणहरूको व्यवस्था गर्नुपर्छ । यी सामग्रीको व्यवस्थाले विदेशी विद्यार्थीहरू कक्षामा प्रवेश गर्ने बित्तिकै मनोवैज्ञानिक रूपमै भाषा कक्षा हो भन्ने प्रभाव पर्दछ । कक्षामा केवल २,४ वटा पुराना कुर्सी र कालोपाटी मात्रै हुनु विदेशीहरूका निम्ति ज्यादै नराम्रो कुरा हो । कक्षा कोठामा देखिएका भौतिक सामग्रीले भाषा सिकाइमा अनुकूल र प्रतिकूल वातावरण सिर्जना गर्न मद्धत पुग्ने भएकोले यसप्रति कक्षा शिक्षकले उचित व्यवस्था भए नभएको निरीक्षण गरी भौतिक सामग्री जुटाउन र व्यवस्थित गर्न चासो राख्नुपर्छ ।

## भाषा शिक्षकको उत्तरदायित्व

नेपाली भाषाको शिक्षकले विदेशी विद्यार्थीका कक्षामा नेपालप्रति प्रतिकूल असर पर्ने कुनै पनि कुरा उठाउनु हुँदैन । नेपाल र नेपालीप्रति वितृष्णा र नकारात्मक भावना जगाउने चर्चा परिचर्चा गर्नु नेपालीहरूको नै अपमान हो भन्ने सम्झनुपर्छ । नेपाल र नेपालीलाई विवादमा ल्याउने र राष्ट्रियतामा आँच आउने किसिमका विषयवस्तु र पाठ्यसामग्रीका बारे शिक्षकले ठूलो सतर्कता अपनाउनुपर्छ । राष्ट्र र जातिका गोपनीयता भङ्ग हुने कुरामा पनि शिक्षक निकै सजग हुनुपर्छ । आफूलाई ठूलो विद्वान र कुशल व्याख्याता सोचेर जथाभावी रूपले स्वतन्त्र र स्वच्छन्द ढङ्गले विदेशीहरूका अगाडि प्रस्तुत हुनु नेपाली शिक्षकको अनुत्तरायी प्रवृत्ति हो । पाठ्यपुस्तककै सन्दर्भमा बरु नजानिदो ढङ्गले नेपाल र नेपालीको गौरव र महिमा बढ्ने कुरातर्फ नै जोड दिन सक्नु कुशल शिक्षकको परिचायक हो ।

विदेशीहरूले नेपाल र नेपालीप्रति गहिरो अभिरुचि तथा चाख राख्दै विभिन्न जिज्ञासा उठाउँदा जथाभावी उत्तर दिनु राम्रो होइन । सम्पूर्ण कुराहरू तौली तौली मात्रै बोल्ने स्वभावको विकास गराउनुपर्छ । उनीहरू किन र के कारण प्रश्नहरू सोधिरहेका छन् भन्ने तर्फ भाषा शिक्षक सजग र सचेत हुनुपर्छ । भाषा शिक्षकले कुन देशका नागरिकहरू नेपालप्रति कस्तो धारणा राख्छन् भन्ने कुरा निकै चलाखीपूर्वक पत्ता लगाउनुपर्छ । आफूलाई समस्या पर्ने गरी चर्चा परिचर्चा भएको बेला उनीहरूलाई रोचक ढङ्गले चलाखीपूर्वक पाठ्यवस्तु मै केन्द्रित गराउनुपर्छ । भाषा शिक्षण गराउने

सन्दर्भमा आफू रित्तिने र उदाङ्गिने स्थितिबाट पूर्ण बच्न सक्नुपर्छ छलफलको क्रममा नेपालीहरू

आर्थिक दृष्टिले गरीब भए पनि भावना र राष्ट्रियता सन्दर्भममा महान् धनी छन् भन्ने छाप विदेशीहरूका दिमागमा पार्न सक्नु भाषा शिक्षकको उत्तरदायित्व हो ।

**भाषा शिक्षकको दक्षता र क्षमता**

**(क) दक्षता**

कुनै पनि भाषा शिक्षकले शिक्षार्थी र आफूबीच गहिरो आत्मीय सम्बन्ध कायम गर्न सक्नुपर्छ । औपचारिक रूपले जागिर पकाउने ध्येयले मात्रै कुनै पनि शिक्षक कक्षामा उपस्थित हुनु राम्रो होइन । भाषा शिक्षण कार्यलाई गम्भीर चुनौतीका रूपमा लिनुपर्छ र आफ्नो जिम्मेदारीको ख्याल गर्नु दक्ष शिक्षकको कर्तव्य हो । नेपाली भाषा सिक्न आउने विदेशीहरू उमेरले परिपक्व र उच्च ज्ञानले समेत दिक्षित हुनेहुँदा उनीहरूको उमेर र ज्ञानलाई ध्यानमा राखेर सोही अनुरूप शिक्षकले आफूलाई तयार पार्नुपर्छ । भाषा शिक्षण गराउने शिक्षकमा उच्च बौद्धिक ज्ञान र कुशल भाषिक सीप हुनु आवश्यक छ । विशेषगरी भाषा शिक्षक नेपाली भाषा र साहित्य सम्बन्धी विज्ञ र पूर्ण ज्ञाता हुनु आवश्यक देखिन्छ । विदेशी शिक्षार्थीका तर्क, वितर्क, जिज्ञासा र खुल्दुलीलाई अधिकारिक रूपमा चित्त बुझाउन सक्ने क्षमता शिक्षकमा हुनु आवश्यक छ । विदेशीहरू नेपाली भाषा पढ्न र लेख्न नसक्ने भएपनि अन्य भाषाका माध्यमद्वारा नेपाली भाषा र साहित्यसम्बन्धी धेरै कुरा थाहा पाएको हुन सक्ने संभावनालाई ख्याल गर्नु दक्ष शिक्षकको दायित्व हो । यी माथिका सन्दर्भमा शिक्षकले आफ्नो दक्षता देखाउन सक्नुपर्छ ।

**(ख) क्षमता**

भाषा शिक्षकमा मनोवैज्ञानिक क्षमता हुनु आवश्यक छ । जुन शिक्षकले आफ्ना विद्यार्थीको मनोविज्ञानलाई बुझ्न सक्दैन उसले प्रभावकारी र आकर्षक रूपमा भाषा शिक्षण गराउन सक्दैन । कक्षामा उपस्थित विद्यार्थीको हाउ, भाउ, क्रियाकलाप, उत्सुकता र जिज्ञासालाई हेरेर उनीहरूको मनोआकांक्षा के हो प्रष्ट ठम्याउन सक्नुपर्छ । विद्यार्थीको त्यही मनोआकांक्षा अनुरूप भावनाको कदर गर्दै शिक्षक भाषा शिक्षणमा सक्रिय हुन सकेमा कक्षा प्रभावकारी बन्न पुग्दछन् । विद्यार्थीको मनोभावना विपरीत सिकाइएको कक्षामा विद्यार्थी निरश र निरुत्साहित हुन पुग्दछन् । यस दृष्टिले भाषा शिक्षकले विद्यार्थीको मनोविज्ञानलाई ठम्याउन सक्ने क्षमताको विकास गराउनुपर्छ । जो शिक्षकमा यो क्षमता छ उसका कक्षामा शिक्षार्थीहरू खुशी र नयाँ उमङ्गकासाथ प्रस्तुत हुने गर्दछन् । विद्यार्थी जब प्रफुल्ल र उत्सुक मुद्रामा खुशीकासाथ कक्षामा प्रवेश गर्दछन् तब भाषा शिक्षण कार्य चाखलाग्दो र उपलब्धिपूर्ण रूपले अगाडि बढ्न सक्छ । त्यसैले शिअकमा मनोवैज्ञानिक क्षमता हुनु आवश्यक छ ।

**भाषा शिक्षकको सजगता र सचेतता**

**(क) विषयवस्तुको पूर्ण ज्ञान**

कक्षामा पढाउने पाठ्यसामग्री तथा विषयवस्तु सम्बन्धी शिक्षकले कक्षा सञ्चालन हुनु पूर्व नै पूर्ण ज्ञान राख्नुपर्छ । विषयवस्तुको पूर्ण ज्ञान विना विदेशीका कक्षामा पढाउनु जानु स्वयं आफूलाई लज्जित तुल्याउनु हो भन्ने कुरामा भाषा शिक्षक पहिले नै सचेत र सजग हुनु पर्दछ । यसकारण आफूले पढाउने विषयसम्बन्धी म नै पूर्ण ज्ञाता हुँ भन्ने विश्वास र तयारीका साथ कक्षामा उपस्थित हुनु भाषा शिक्षकका निम्ति राम्रो हो । पढाउने विषयवस्तु सम्बन्धी आफूलाई अलमल र अल्पज्ञान छ भन्ने शंका लाग्छ भने बरु त्यस दिन कक्षामा उपस्थित नहुनु नै राम्रो हुन्छ । पढाउने विषयवस्तुका बारेमा कक्षामा उठ्न सक्ने

जिज्ञासा र प्रश्नको उचित र व्यवस्थित समाधान गर्न सक्ने क्षमतासहित शिक्षक कक्षामा प्रवेश गर्नुपर्दछ । सम्बन्धित विषयवस्तुका बारेमा पूर्ण पूर्व ज्ञान नराख्दा स्वयं शिक्षक नै विभिन्न समस्यामा अल्मलिन पुग्ने र आफ्नो कमजोरीको पोल खुल्ने भएकोले यसबारे शिक्षक पहिले नै सजग र सचेत हुनु आवश्यक छ ।

**(ख) स्तरीय नेपालीमा जोड**

नेपाली शिक्षकहरू विभिन्न भौगोलिक परिवेश र जातीय सम्प्रदायबाट आएका हुन्छन् । नेपाल बहु-भाषिक देश भएकोले प्रत्येक जातिका आ-आफ्नै मातृभाषा छन् । नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिक्ने हरूमा मातृभाषाको प्रभाव पर्नु स्वभाविकै हो । यिनै विभिन्न मातृभाषा भएका वक्ताहरू नै नेपाली भाषाका शिक्षक भएका हुन्छन् । विदेशीलाई नेपाली भाषा सिकाउने क्रममा आफ्नो मातृभाषाको प्रभावले नेपाली भाषा त्यहीअनुरूप प्रयोग गरिएको छ कि भन्ने तर्फ भाषा शिक्षक सचेत रहनुपर्दछ । यसका साथै नेपाली भाषाका भाषिका र भौगोलिक भाषाको स्वरूपबाट मुक्त गराएर स्तरीय नेपाली भाषा सिकाउनुपर्छ । शिक्षार्थीहरूले नेपाली भाषामा विशेष ज्ञान प्राप्त गरेपछि भने नेपाली भाषाका भाषिका र भौगोलिक भाषाका चलनचल्तिका स्वरूपबारे जानकारी गराउनु राम्रो हो । स्तरीय नेपालीमा जोड दिनाले सबै शिक्षकको भाषा सिकाइमा एकरूपता देखिन्छ र शिक्षार्थीलाई अलमल पनि पर्दैन । यस प्रकारको शिक्षण कार्यले नेपाली शिक्षकहरूको क्षमता र योग्यताको पहिचान गराउन सहयोग गर्दछ भन्ने कुरामा सजग रही स्तरीय नेपाली सिकाउनमा सचेत रहनुपर्दछ ।

**भाषा शिक्षकको सावधानी**

**(क) गृहकार्यको परीक्षण तथा मूल्याङ्कन**

आफूले दिएको गृहकार्य शिक्षार्थीले पूरा गरेका छन् वा छैनन् भन्ने कुरामा ध्यान पुऱ्याइ गृहकार्यको परीक्षण गर्नुपर्दछ । स्वयं विद्यार्थीको उपस्थितिमा गहृकार्य हेरी उनीहरूका गल्ती र त्रुटिलाई इङ्गित गर्दै सुझाव र सल्लाह दिनुपर्छ । उनीहरूका अगाडि नै प्रत्यक्ष रूपमा गल्ती र त्रुटिको सैद्धान्तिक र व्यवहारिक व्याख्या गरिदिनाले शिक्षार्थीहरूलाई आफ्नो गल्ती प्राप्ति सजग र सचेत रहन मद्धत पुग्छ । विदेशी विद्यार्थीहरू आफ्नो कमजोरीको बारेमा अर्को साथीलाई थाहा नहोओस् भन्ने चाहान्छन् । उनीहरूको यो चाहनाको पनि भाषा शिक्षकले कदर गर्न जान्नुपर्छ । यस दृष्टिले हरेक विद्यार्थीलाई एक्ला एक्लै राखी उनीहरूको गृहकार्यको मूल्याङ्कन गर्ने परिपाटी बसाल्नुपर्छ । गृहकार्य नगर्ने विद्यार्थीसँग खुलस्त रूपमा स्पष्टीकरण सोध्नुपर्छ । गृहकार्य नगर्ने विद्यार्थीलाई स्पष्टीकरण सहित त्यस दिन अझ बढी गृहकार्य दिनुपर्छ । अब अर्को दिनमा त्यो विद्यार्थी अनुपस्थित हुन्छ वा उपस्थित हुन्छ फेरि ख्याल गर्नुपर्छ । गृहकार्य नगर्ने र कक्षामा अनियमित रूपले उपस्थित हुने दुवै विद्यार्थी पढाइ बाहेक अर्कै धन्दामा लाग्न सक्ने संभावना भएकोले भाषा शिक्षकले कारणको खोजी गर्नैपर्छ । त्यसकारण गृहकार्य बारे पनि भाषा शिक्षक गम्भीर हुनु आवश्यक छ ।

**(ख) त्रुटि निराकरणमा ध्यान**

शिक्षार्थीले भाषा सिकाइमा प्रगति गरेका छन् वा छैनन् भन्ने कुरामा चासो देखाउनु भाषा शिक्षकको कर्तव्य हो । यस बारेमा बेला बेलामा उनीहरूको परीक्षण गरिरहनु पर्छ । यस क्रममा उनीहरूलाई लिखित र मौखिक अभ्यास गराउनु आवश्यक छ । लिखित रूपमा र औच्चार्य रूपमा देखिएका त्रुटि र गल्तीलाई सच्याउन सही निर्देशन र सुझाव दिनुपर्छ । शिक्षार्थीका भाषागत त्रुटि हुनाको कारण खोजी गरी कारणको स्पष्ट पहिचान गराउँदै पुनः त्रुटि हुनुबाट उनीहरूलाई सजग पानुपर्छ । त्रुटि निराकरणमा प्रगति

नहुनुमा स्वयं भाषा शिक्षकको हात रहेको छ कि त्यसतर्फ पनि चनाखो हुनुपर्छ। आफ्नो र शिक्षार्थी मध्ये कसको कारणले शिक्षार्थीका गल्तीमा पुनरावृति भएको हो त्यो शिक्षकले छुट्याउनु पर्छ। शिक्षण विधिका कारणले त्रुटि निराकरणमा ढिलाइ भएको हो भने शिक्षकले तुरुन्तै अर्को विधि अपनाउनु राम्रो हो। खासगरी त्रुटिको तह र कारणको पहिचान गरी त्रुटि सुधारतर्फ शिक्षार्थीलाई अग्रसर गराउनु भाषा शिक्षकको उत्तरदायित्व हो।

**निष्कर्ष**

माथि उल्लेखित बुँदाहरूलाई हेर्दा सामान्य गन्थन जस्तो देखिए पनि वास्तवमा कतिपय भाषा शिक्षकले यसतर्फ ध्यान पुऱ्याएका हुँदैनन्। विदेशीलाई नेपाली पढाउनु सहज र सरल कार्य हो भन्ने सोचाइ कतिपय शिक्षकमा यथावत छ। भाषा सिकाउने क्रममा भाषा शिक्षकको महत्त्वपूर्ण योगदान रहन्छ। माथिका चर्चाहरूमा भाषा शिक्षकमा हुनुपर्ने (जानकारी, गुण र क्षमता, दक्षता र सजगता, सावधानी र उत्तरदायित्व साथै भूमिका जस्ता) आवश्यकीय गुणहरूलाई देखाइएको छ। आफ्नो राष्ट्रको गरिमालाई बढाउन र पेशागत क्षमता देखाउन यी कुराहरू तर्फ भाषा शिक्षकले ध्यान पुऱ्याउनुपर्छ। यी गुणहरूको निर्माण गर्दै आफूलाई सजग र सचेत तुल्याउने हो भने त्यो शिक्षक असल, सक्षम, प्रभावशाली र विज्ञ भाषा शिक्षकका रूपमा देखापर्छ भन्ने ठहर गरिएको छ।